नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# ९

१६ असार २०७७

# दैनिक विपद् बुलेटिन

१५ असार बिहान १०:०० बजेदेखि १६ असार बिहान १०:०० बजे सम्म

नेपालमा हिजोको तुलनामा आज विपद्का घटनाबाट हुने क्षति कम छ । तर वर्षायाममा पनि आगलागीका घटना हुने क्रम जारी छ । आज कञ्चनपुरमा ग्यास लिक भइ आगलागी हुँदा एक घरका १३ वर्षिय बालकको मृत्यु भएको छ । यस्तै काठमाण्डौ महानगरपालिका बालाजु औधोगिक क्षेत्रस्थित जगदम्बा पोंलिटेक प्लाष्टिक कारखानामा आगलागी सहित अन्य जिल्लाका ३ स्थानमा आगलागी भएका छन् । यसैगरी वर्षासँगै आएको पहिरोले ४ स्थानमा बाटो अवरोध गरेको छ भने अबिरल वर्षाका कारण जाजरकोटस्थित जिल्ला प्रहरी कार्यालयको पर्खाल भत्किएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | १३ | ० | १८,७७,००० | ४ | ० |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का **१३ वटा** घट्नाहरु भएका छन् । **कञ्चनपुरको** पुनर्वास न.पा.- ९ ख गाउँमा **आगलागी** हुँदा एक बालकको जलेर **मृत्यु** भएको छ ।
- **काठमाण्डौं महानगरपालिका** वडा नं १६ बालाजु औधोगिक क्षेत्रभित्र **जगदम्बा पोंलिटेक प्लाष्टिक कारखानामा आगलागी** हुँदा करिब **१४ लाख** बराबरको क्षति भएको छ ।
- **नवलपरासी पश्चिम**को सरावल गा.पा.- ७ भटौलियामा **अविरल वर्षा**को कारण कच्ची एक घर भत्किएको छ । यसबाट अन्दाजी रु. **८० हजार** बराबरको क्षति भएको छ ।
- **उदयपुर**को बेलका नगरपालिका वडा नं ३ एबिसी टप्पु स्थित एक घरमा **जंगली हात्तीले आक्रमण** अन्दाजी **६५ हजार** बराबरको क्षति भएको छ ।
- **इलाम**को माइजोगमाइ गाउँपालिका वडा नं १ लप्सिबोटेस्थित एक घर नजिकै गएको **पहिरो**बाट घरको ट्वाइलेट, अलैंचि र चियाका बोट बगाएको छ ।
- **म्याग्दी**को बेनी नगरपालिका वडा नं ९ गलेश्वरस्थित एक घरमा **आगलागी** भएको छ ।



*का.म.न.पा.वडा नं १६ बालाजु औधोगिक क्षेत्रभित्र **जगदम्बा पोंलिटेक प्लाष्टिक कारखानामा** भएको **आगलागी***

## सडक अबरोध

- ललितपुरको बागमती गाउँपालिका वडा नं ३ पाङ्दुर डाँडामा सुख्खा पहिरो झरी **आश्राङ् गिम्दी** जाने **बाटो अवरोध** भएको छ ।
- **जाजरकोट**को भेरी नगरपालिका वडा नं १० **छिन्चु जाजरकोट सडक खण्ड** अन्तर्गत बाउनचौर भन्ने स्थानमा अबिरल वर्षाका कारण **बाटो पूर्ण रुपमा अवरोध** भएको छ ।
- **दैलेख**को चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं ७ साङ्गेतडास्थित कर्णाली राजमार्गमा बर्षादका कारण बगाएर ल्याएको ढुंगा माटोका कारण **बाटो अवरोध** भएको छ ।
- **दाङ**को दंगिशरण गाउँपालिका वडा नं २ तालाबाङ भन्ने स्थानमा पहिरोका कारण बाटो अवरोध भएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायका टोलीबाट आगलागी भएका स्थानमा उद्धार गर्नुका साथै पहिरो गई अवरोध भएको सडक खण्डलाई सम्बन्धित निकायको समन्वयमा पन्छाउने कार्य भईरहेको छ ।

## पूर्वानुमान

पूर्वानुमान आज : असार १६ (मंगलबार)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा सामान्य घटबढ हुने र सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने ।
- आज झापा, मोरङ, सुनसरी, उदयपुर, बारा ,पर्सा, रौतहट, सर्लाही, सिन्धुली, रामेछाप, मकवानपुर, का.उपत्यका, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, गोरखा, लमजुङ, धादिङ, चितवन, तनहुँ, कास्की, नवलपरासी, गुल्मी, अर्घाखाँची, रोल्पा,सल्यान, प्यूठान, रूकुम, दैलेख, जाजरकोट, सुर्खेत, कञ्चनपुर, डोटी, डडेलधुरा, बैतडी र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारको केहि स्थानमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव केहि बढ्न सक्ने तर सतर्कता भन्दा तलै हुने ।

थप जानकारीका लागि **जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट: https://bit.ly/3dDpOM7